# दोरम्वा शैलुङ गाउंपालिकाको आर्थिक ऐन २०७९

## दोरम्वा शैलुङ गाउंपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: दोरम्वा शैलुङ गाउंपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दोरम्वा शैलुङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।
(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि दोरम्वा शैलुङ गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर:** गाउंपालिका क्षेत्र भित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउंपालिका क्षेत्र भित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर:** गाउंपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:** गाउंपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** गाउंपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** गाउंपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:** गाउंपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** गाउंपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।





११. **पार्किङ शुल्क:** गाउंपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क:** गाउंपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउंपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** गाउंपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **प्राकृतिक श्रोत उपयोग शुल्क:** गाउपालिकाको शहरी क्षेत्रमा संचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको सँविधानको अनुसुचि ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसुचि १४ मा उल्लेखित दरमा प्राकृतिक श्रोत उपयोग शुल्क लगाउन सक्नेछ ।

१६. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

### अनुसुचि १ एकिकृत सम्पत्ति कर

स्थानीय सरकार सँचालन ऐन २०७४, एकीकृत सम्पत्ति कर निर्देशिका २०६२ संसोधन सहितमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकीकृत सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ ।

**करको दररेट :**

### एकीकृत सम्पत्ति करको दर

| क्र.सं. | मुल्याङ्कन रकम (रु ) | | | | एकीकृत स. कर (रु मा)वार्षिक |
|---|---|---|---|---|---|
| १ | रु. १ | देखि | १० लाख | सम्म | १००।- |
| २ | १० लाख | देखि | २० लाख | सम्म | ५००। |
| ३ | २० लाख | देखि | ५० लाख | सम्म | १०००।- |
| ४ | ५० लाख | देखि | १ करोड | सम्म | ५०००।- |
| ५ | १ करोड भन्दा माथि | | | | प्रति करोड रु २००० थप हुने |



CamScanner

एकीकृत सम्पत्तिकर निर्धारनका लागि करदाताले तोकीएको ढाचामा आफ्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ। कर दाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरि कर तिरेको पछि लुकाएको सम्पत्ति विवरण पुन पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पत्ति मूल्याङ्कन गरि कर निर्धारन गरिने छ। यसरी निर्धारन हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ।

नोट: एकिकृत सम्पत्ति कर सम्वन्धमा गाउंपालिकाले निर्णय गरी लागु नगरेको अवधि सम्मको लागि मापलोत र घरजग्गा सम्पत्ति कर असुली गरिनेछ।

यस आर्थिक वर्षसम्म कार्यान्वयन हुँदै आएको घरधुरी कर आगमी आर्थिक वर्षमा कर असुल नगनि नीति लिइएको छ।

## अनुसुचि २

### भुमिकर/मालपोत कर

| मालपोत/भुमिकर | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मालपोत र भुमिकर | खेत | वारी | कैफियत |
| १ | अवल प्रति रोपनी | २०.०० | १५ | |
| २ | दोयम प्रति रोपनी | १५.०० | १० | |
| ३ | सिम प्रति रोपनी | १०.०० | ५ | |
| ४ | चाहार प्रति रोपनी | ५.०० | ३ | |

## अनुसुचि ३

| घरवहाल कर | |
|---|---|
| १ | गाउंपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्वन्धित धनीवाट १० (दश) प्रतिशत वहालकर लिने। |

## अनुसुचि ४

### व्यवसाय कर

| क्र.सं. | व्यवसाय पुंजी | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५१०.०० | ५१०.०० |
| २ | रु १ लाख देखि छ लाख सम्म | ७१०.०० | ७१०.०० |
| ३ | रु ५ लाख देखि १० लाख सम्म | १०००.०० | १०००.०० |
| ४ | रु १० लाख देखि २५ लाख सम्म | १,५००.०० | १,५००.०० |
| ५ | रु २५ लाख देखि ५० लाख सम्म | ५००० | ५००० |
| ६ | रु ५० लाख देखि १ करोड लाख सम्म | १०,००० | १०,००० |
| ७ | १ करोड देखि माथि | २०,००० | २०,००० |
| ८ | सबै प्रकारका व्यवसाय नामसारी,नाम परिवर्तन तथा प्रतिलिपी | नयाँ दर्ताको आधा रकम लाग्ने | |

| अन्य व्यवसाय कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरन |
| १ | डिलर भएको | २५००.०० | २०००.०० |
| २ | मदिरा पसल खुद्रा | २०००.०० | १५००.०० |

| मिष्ठान भण्डार | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरन |
| १ | साना मिष्ठान भण्डार, मिठाई पसल | १०००.०० | ५००.०० |

| सुनचाँदी | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरन |
| १ | सुनचाँदी पसल | १,०००.०० | १,०००.०० |

| होटल व्यवसाय | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरन |
| १ | होटेल, बार, लज | ५,०००.०० | ५०००.०० |
| २ | रिसार्ट श्रेणी क | ३,०००.०० | ३,०००.०० |
| ३ | रिसार्ट श्रेणी ख | १,५००.०० | १,५००.०० |
| ४ | साना होटल | ५००.०० | ५००.०० |
| ५ | होमस्टे | २००० | २००० |

| वित्तिय संस्था | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | क वर्ग | | |
| २ | शाखा कार्यालय वाणिज्य बैङ्क | १५००० | १५००० |
| ३ | विकास बैक शाखा कार्यालय | १५,०००.०० | १५,०००.०० |
| ४ | शाखा कार्यालय अन्य | १०,०००.०० | १०,०००.०० |







CamScanner

| | | | |
|---|---|---|---|
| ५ | साना लघु बित्तिय संस्था | ५,०००.०० | ५,०००.०० |
| ६ | बिमा कम्पनी | १०,०००.०० | १०,०००.०० |
| ७ | सहकारी संस्था | ३,०००.०० | ३,०००.०० |
| ८ | मनि ट्रान्सफर | ३,०००.०० | ३,०००.०० |

**मासु पसल**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | मासु पसल | १०००.०० | १०००.०० |

**स्वास्थ्य सेवा**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | गैर सरकारी अस्पताल १० वेडसम्म | ५,०००.०० | ५,०००.०० |
| २ | गैर सरकारी अस्पताल १० वेडा भन्दा माथि | ७,०००.०० | ७,०००.०० |
| ३ | डाक्टर सेवा क्लिनिक | २,०००.०० | २,०००.०० |
| ४ | ल्याब सेवा | १,०००.०० | १,०००.०० |

**शिक्षा सेवा व्यवसाय निजी स्तर**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | आधारभुत स्तर | १०,०००.०० | १०,०००.०० |
| २ | मा.वि. स्तर | १५,०००.०० | १५,०००.०० |
| ३ | प्राविधीक शिक्षा | १०,०००.०० | १०,०००.०० |
| ४ | कक्षा स्तरोन्नती सिफारिस | ५००० | ५००० |

**कानुनी सेवा**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | अधिवक्ता | १५०० | १५०० |
| २ | काननी परामर्श सेवा | १५०० | १५०० |
| ३ | लेखापढी व्यवसायी | १००० | १००० |
| ४ | लेखारिक्षण क वर्ग | ३००० | ३००० |
| ५ | लेखारिक्षण ख वर्ग | १५०० | १५०० |
| ६ | लेखारिक्षण ग/३ वर्ग | १००० | १००० |





**निर्माण व्यवसायी फर्म**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | क वर्ग | २५००० | २५००० |
| २ | ख वर्ग | २०००० | २०००० |
| ३ | ग वर्ग | २०००० | २०००० |
| ४ | घ वर्ग | १५००० | ५००० |
| ५ | शाखा कार्यालय निर्माण व्यवसायी | नयाँ दर्ताको आधा लाग्ने | |

**उद्योग व्यवसाय तर्फ**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | खाद्य उद्योग क वर्ग -अधिकतम पुंजी २५ लाख माथि | १०००० | ५००० |
| २ | खाद्य उद्योग ख वर्ग अधिकतम पुंजी १५ देखि २५ सम्म | ५००० | ३००० |
| ३ | खाद्य उद्योग ग वर्ग अधिकतम पुंजी ५ देखि १५ लाख सम्म | १५०० | १५०० |
| ४ | खाद्य उद्योग अधिकतम पुंजी ५ लाख सम्म | १००० | १००० |

**एक भन्दा वढी सामाग्री बिक्री गर्न पसल**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | अधिकतम पुंजी १ लाख देखि ५ लाख सम्म | १५०० | १५०० |
| २ | अधिकतम पुंजी ५ लाख देखि २० लाख सम्म | २५०० | २५०० |
| ३ | अधिकतम पुंजी २० लाख माथि | ५५०० | ५५०० |

**अन्य उद्योग**

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | चाउमिन उद्योग | २००० | २००० |
| २ | पाउरोटी उद्योग | २००० | २००० |
| ३ | आईसक्रिम उद्योग | १५०० | १५०० |

| | | | |
|---|---|---|---|
| ४ | मसला पिसने उद्योग | २००० | २००० |
| ५ | कृषि तरकारी फर्म व्यवसाय | १००० | १००० |
| ६ | कुटानी पिसानी /तेल मिल | १००० | १००० |
| ७ | पानी उद्योग | ५००० | ५००० |
| | अन्य व्यवसाय कर | | |
| १ | तरकारी पसल | ५०० | ५०० |
| २ | फलफूल पसल खुद्रा | ५०० | ५०० |
| ३ | किराना पसल खुद्रा | ५०० | ५०० |
| ४ | हेयर कटिङ सैलुन | ७५० | ७५० |
| ५ | ब्युटी पार्लर | ७५० | ७५० |
| ६ | जुत्ता बनाई बिक्री गर्ने पसल | १००० | १००० |
| ७ | साधारण जुत्ता पसल | ७५० | ७५० |
| ८ | प्लास्टिक जुत्ता चप्पल पसल | ५०० | ५०० |
| ९ | होल्सेल पसल | | |
| १० | होल्सेल पसल क वर्ग अधिकतम पुँजी २५ लाख माथि | ५००० | ५००० |
| ११ | होल्सेल पसल ख वर्ग अधिकतम १५ लाख देखि २५ लाख सम्म | ३००० | ३००० |
| १२ | होल्सेल पसल ग वर्ग अधिकतम ५ देखि १५ लाख सम्म | १५०० | १५०० |
| १३ | होल्सेल पसल घ वर्ग अधिकतम पुँजी ५ लाख सम्म | १००० | १००० |
| १४ | कपडा पसल | १००० | १००० |
| १५ | खाद्यान्न मिल | ३००० | ३००० |
| १६ | हेन्ड स आरी | २००० | २००० |
| १७ | फर्निचर उद्योग | ५००० | ५००० |
| १८ | साधारण फर्निचर पसल, प्लाईउड, सिसा पसल | १००० | १००० |
| १९ | लघु उद्यम र हस्तकला उद्योग | ५०० | ५०० |
| २० | ५८ सिमेन्ट पसल, पेन्ट डिलर समेत भएको | ५००० | ३००० |





| | | | |
|---|---|---|---|
| २१ | ५८ सिमेन्ट पसल | २००० | २००० |
| २२ | पेन्ट पसल खुद्रा | १००० | १००० |
| २३ | फलाम र सो सम्बन्धी साधारण पसल | ५०० | ५०० |
| २४ | टिभि,फ्रिज समेत भएको ईलेक्ट्रोनिक पसल | २००० | २००० |
| २५ | ईलेक्ट्रिक पसल, बिजुली मर्मत पसल | १००० | १००० |
| २६ | रेडियो घडी ,टिभि र अन्य मर्मत तथा बिक्री | १००० | १००० |
| २७ | खुद्रा कृषि सामग्री पसल | ५०० | ५०० |
| २८ | पुस्तक तथा स्टेशनरी पसल | १००० | १००० |
| २९ | छापाखाना प्रेस | २००० | २००० कैपिटल पुँजी अनुसार हुने |
| ३० | कागज उद्योग | ५००० | ५००० |
| ३१ | खुद्रा प्लास्टिक पसल | १००० | १००० |
| ३२ | औषधी पसल | १५०० | १५०० |
| ३३ | फोटो स्टुडियो भिडियो सामग्री सहित | १००० | १००० |
| ३४ | फोटो स्टुडियो | ५०० | ५०० |
| ३५ | पेट्रोल पम्प | ५००० | ५००० |
| ३६ | कम्प्युटर तालिम केन्द्र, भाषा शिक्षण केन्द्र, कुचिङ सेन्टर | १००० | १००० |
| ३७ | कम्प्युटर मर्मत केन्द्र | १००० | १००० |
| ३८ | सामुदायिक रेडियो प्रसारण | २००० | २००० |
| ३९ | मोटरसाईकल वर्कसप | २००० | २००० |
| ४० | सवारी साधन मर्मत पसल | २००० | २००० |
| ४१ | मील उद्योग | १५०० | १५०० |
| ४२ | ट्युब मर्मत तथा हावा भर्ने पसल | ५०० | ५०० |
| ४३ | पुल स्नुकर | १५०० | १५०० |
| ४४ | ढुवानी सेवा | २००० | २००० |
| ४५ | फोटो कपि पसल | ५०० | ५०० |



CS CamScanner

| | | | |
|---|---|---|---|
| ४६ | ईन्जिनियरिङ कन्सल्टेन्सी फर्म | ५००० | ५००० |
| ४७ | पेन्टिङ पसल | १००० | १००० |
| ४८ | ग्यास पसल | १००० | १००० |
| ४९ | म म सुकुटी पसल | १००० | १००० |
| ५० | सिरक डसना पसल | १००० | १००० |
| ५१ | मोवाईल फोन मर्मत | १००० | १००० |
| ५२ | डिस्टीलरी उद्योग | २०००० | २०००० |
| ५३ | डेरी उद्योग | २००० | २००० |
| ५४ | कुखरा फर्म | १००० | १००० |
| ५५ | माछा फर्म | १००० | १००० |
| ५६ | नर्सरी फर्म | १००० | १००० |
| ५७ | इट्टा उद्योग | १०००० | १०००० |
| ५८ | टायल ब्लक रिङ लगायत सेनटरी उद्योग | २००० | २००० |
| ५९ | कवाडी सामान संकलन पसल | २,००० | २,००० |
| ६० | टेलर सपर सिलाई कटाई | ५०० | ५०० |
| ६१ | प्रकृती नखुलेका साना व्यवसाय | ५०० | ५०० |
| ६२ | भाडा पसल | १००० | १००० |
| ६३ | भैसी पालन फर्म | २००० | २००० |
| ६४ | गाई पालन फर्म | १५०० | १५०० |
| ६५ | बंगुर पालन फर्म | १००० | १००० |

ठुला उद्योग

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | ठूला उद्योग ५ करोड सम्म | | |
| २ | मझौला उद्योग ५० लाख देखि ५ करोडसम्म | | |
| ३ | साना उद्योग छ्ण लाख सम्म | | |





## अनुसुचि ५

### जडीबुटी कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | कवाडी सामाग्री संकलन पसल | २००० | |
| २ | वनजन्य काठ(सुनपाती धुपी लोक्ता चिराईतो जटामसी उत्तिस सतुवा लगायत | प्रतिकेजी रु ३ | |
| ३ | ढुङ्गा( स्लेट, पत्रे ढुङ्गा | प्रति वर्ग फिट रु २ | |
| ४ | चीज | प्रतिकेजी रु ५ | |
| ५ | घ्यु, छुर्पी | प्रति केजी रु ५ | |
| ६ | काठ | क्यु. फि. रु ०.५ | |
| ७ | लोक्ता | प्रति केजि रु २ | |
| ८ | अर्गेली | प्रति केजि रु १ | |
| ९ | मह्छिनो | प्रति लि १०० | |
| १० | धुपि | प्रति केजि रु ५ | |
| ११ | जटामसि | प्रति केजि. रु १ | |
| १२ | चिराइतो | प्रति केजि. रु २ | |
| १३ | पाखनवेद | प्रति केजि. रु ०.५ | |
| १४ | लौठ सल्ला | प्रति केजि. रु ५ | |
| १५ | अलैची | प्रति केजि. रु ३ | |

## अनुसुचि ६

### सवारी साधन कर

सवारी दर्ता तथा नवीकरण

| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | भाडाका कार, जिप ट्रेक्टर, मिनीबस | ५००.०० | ५००.०० |
| २ | बस, ट्रक, लहरी तथा ह्यावी सवारी साधन | ५००.०० | ५००.०० |
| ३ | निजिकार, जिप तथा अन्य | ५००.०० | ५००.०० |
| ४ | मोटर साईकल, स्कुटर तथा अन्य सवारी साधन | १००.०० | १००.०० |
| ५ | ठेला | १००.०० | १००.०० |



CamScanner

## अनुसुचि ७

### विज्ञापन कर

| विज्ञापन कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | होडीङ्ग, बोर्ड, व्यानर, व्यवसायीक विज्ञापन (५) वर्ग फिट सम्मको, ५ वर्ग फिट भन्दा ठूलोको हकमा प्रति वर्गफिट रु ५० का दरले थपिने ५ | वार्षिक ५००० | संस्थान तथा सार्वजनिक कार्यका लागि छुट |
| २ | अस्थायी रुपमा व्यवसायीक दृष्टिकोणले राखेको बोर्ड, व्यानर | प्रति दिन २०० | संस्थान तथा सार्वजनिक कार्यका लागि छुट |
| ३ | व्यवसायीक दृष्टिकोणले माइकिङ्ग गर्दा | प्रति दिन १०० | संस्थान तथा सार्वजनिक कार्यका लागि छुट |

सास्कतिक तवरले गरिने कार्यक्रममा छुट दिइनेछ ।

## अनुसुचि ८

### मनोरञ्जन कर

| मनोरञ्जन कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | सिनेमा हल, भिडीयो हल, सांस्कृतिक प्रदर्शन हल, थ्रियटर | टिकटको ५ प्रतिशत | टिकटको ५ प्रतिशत |
| २ | चलचित्र सुटिङ | रु २०० प्रति दिन | रु २०० प्रति दिन |
| ३ | जादु, सर्कस, चटक, टेलिसिरियल, गीत सुटिङ शुल्क | १००० | १००० |
| ४ | डिस्क तथा व्यपारीक केवल नेटवर्क | १५०० | १५०० |





## अनुसुचि ९

### वहाल विटौरी कर

गाउँपालिकाका सार्वजनिक जग्गाहरु गत/विगत बर्षदेखि भोगचलन गर्दै आए वापत प्रति आना सम्झौता को विवरण अनुसुचिमा उल्लेख गरे वमोजिम हुनेछ ।

| वहाल विटौरी कर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | वहाल विटौरी शुल्क | कैफियत |
| १ | रिष्ठे, खोलाखर्क र दोरम्बा वजार क्षेत्र | रु ५०० | वार्षिक प्रतिआना |
| २ | अन्य क्षेत्र | रु ४०० | वार्षिक प्रतिआना |

## सम्झौताको ढाँचा

स्थानीय सरकार संचालन ऐन २०७४ र दोरम्वा गाउँपालिकाको आर्थिक ऐन २०७६ को अधिनमा रहि वहाल विटौरी कर लिने प्रयोजनका लागि गरिएको सम्झौतापत्र

लिखितम जिल्ला रामेछाप, दोरम्वा गाउँपालिका वडा नं., वस्ने ............................................को नाति/नातिनी, ............................................को छोरा/छोरी ............................................को श्रीमान/श्रीमती वर्ष ..................को श्री ....................(यस पछि प्रथम पक्ष भनिने) र दोरम्वा गाउँ कार्यपालिकाको कार्यालय, (यस पछि दोश्रो पक्ष भनिने) का बिच तपशिलका शर्त तथा बन्देजहरुको अधिनमा रहि दारम्वा गाउँपालिका वडा नं...........को कि. नं...........को नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा प्रयोग गरे वापत वहाल विटौरी कर असुल उपर गर्ने प्रयोजनार्थ हामी दुवै पक्ष पूर्ण मन्जरी भई राजी खुसीकासाथ यो सम्झौतापत्रमा दस्तखत गरि एक/एक प्रति लियौ दियौ .

शर्त तथा बन्देजहरु

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ........... दोरम्वा शैलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७९ को दफा ........... वमोजिम यो सम्झौता गरिएको छ ।
२. प्रथम पक्षले नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा सोमा बने/वनाएको संरचना प्रयोग गरे गराए वापत गा.पा को अर्थिक ऐन वमोजिम रकम वुझाउनु पर्नेछ .
३. सम्झौता वमोजिमको रकम प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र दोश्रो पक्षलाई प्रथम पक्षले वुझाउनु पर्नेछ . सो नवुझाएमा बार्षिक १० प्रतिशतका दरले हर्जाना असुल दोश्रो पक्षले प्रथम पक्षलाई गर्नुपर्नेछ .
४. वहाल विटौरी कर तिरे वापत प्रथम पक्षले स्थायी तवरले जग्गा वा सो मा निर्मित संरचना प्राप्तिका लागि दोश्रो पक्षसग कुनै दावी गर्न पाउने छैन .



CamScanner

५. दोश्रो पक्षले प्रथम पक्षलाई प्राकृतिक प्रकोप वा अन्य विषेश अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार अल्पकालिन प्रयोगका लागि माग भई आएमा प्रथम पक्षले सम्भव भए सम्म दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ .

६. प्रथम पक्षको गैर जिम्मेवारीका कारण कुनै मालसामान नष्ट भएमा सो जिम्मेवारी स्वयं प्रथम पक्ष हुनु पर्नेछ र सो को क्षतिपुर्ति दोश्रो पक्षसंग माग दावी गर्न पाईने छैन .

७. प्रथम पक्षले सेवा करार सम्झौता भंग गर्न चाहेमा १ महिना अगाडि दोश्रो पक्षलाई जानकारी गराउनु पर्ने र दोश्रो पक्षले करार सम्झौता भंग गर्न चाहेमा जुनसुकै समयमा भंग गर्न सक्नेछ .

८. यो सम्झौता एक आर्थिक वर्षका लागि मात्र कायम रहनेछ .

९. यस सम्झौता पत्रमा उल्लेख भएका शर्त तथा बन्देजहरु समायोजन गर्नु पर्ने भएमा प्रचलित कानुनको अधिनमा हि दुवै पक्षको मन्जुरी बमोजिम गर्न सकिनेछ ।

| प्रथम पक्षका तर्फवाट | दोश्रो पक्षका तर्फबाट |
|---|---|
| नाम थर श्री............................................ | नाम थर श्री............................................ |
| प्रयोग गरेको जग्गाको कि.नं............. | पद:........................ |
| ठेगाना:........................... | दस्तखत......................... |
| दस्तखत........................ | |

इति सम्वत २०............ साल ............ महिना ............ गते रोज ........शुभम्





# अनुसुचि १०

| पार्किङ शुल्क | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | नविकरण |
| १ | मोटर साईकल | रु ५ | प्रति घण्टा |
| २ | हलुका सवारी साधन | रु २० | प्रति घण्टा |
| ३ | हेभी सवारी साधन | रु ३० | प्रति घण्टा |
| स्थानीय सवारी साधनलाई छुट दिईनछ । | | | |

# अनुसुचि ११

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याप्टीङ्ग शुल्क

गाउँ कार्यपालिकाको वैठकद्धारा निर्धारण गरे वमोजिम हुनेछ ।

# अनुसुचि १२

विभिन्न सिफारिस दस्तुर

सेवा शुल्क

| कार्यालयबाट दैनिक संकलन कर, दस्तूर, शूल्क सम्वन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | सर्जमिन दस्तुर | १००.०० | |
| २ | जग्गा छुट्टाउने दस्तुर | २००.०० | |
| ३ | वडा मूचुल्का | १०० | |
| ४ | वडा मूचुल्का प्रमाणित | १०० | |
| ५ | घरबाटो सिफारिस | २०० | |



CamScanner

| घर बाटो प्रमाणित फिल्ट निरीक्षण दस्तुर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | ग्राभेल बाटोले छोएको | ५००.०० | |
| २ | कच्ची बाटोले छोएको | २००.०० | |
| ३ | बाटो नभएको | १००.०० | |
| ४ | अनुभव प्रमाणित दस्तुर | १००.०० | |
| ५ | मिलापत्र शुल्क (दुवै पक्षसंग आधा आधा) | ५००.०० | |
| ६ | रकम कलम उठाई दिएवापत सयकडा | उठाएको रकमको १ प्रतिशत | |
| ७ | जग्गा रोक्का सिफारीस | २०० | |
| ८ | सिफारीस प्रमाणित दस्तर | २००.०० | |
| ९ | फोटोकपि प्रमाणित मात्र | प्रतिपेज १०.०० | |
| १० | निजी स्तरको विद्यालय स्थापना सिफारिस दस्तुर | ५,०००.०० | |
| ११ | निजी कक्षा स्तरोन्नति सिफारिस दस्तर | २,०००.०० | |
| १२ | निबेदन र टिकट | १०.०० | |
| १३ | निर्माण व्यवसायी पेट्रोलियम पदार्थ दर्ता सिफारिस | १०,०००.०० | |
| १४ | नेपाली नागरिकता सिफारिस | ५०.०० | |
| १५ | नेपाली नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| १६ | चारकिल्ला प्रमाणित दस्तुर | २००.०० | |
| विद्युत सिफारिस | | | |
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | घरेलु विद्युत लाईन जडान सिफारिस | २०० | |





| | | | |
|---|---|---|---|
| २ | ठुलो उद्योगमा विद्युत लाईन जडान सिफारिस | ५००० | |
| ३ | मझौला उद्योग विद्युत लाईन जडान सिफारिस | ३००० | |
| पेन्सन सिफारिस | | | |
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | ब्रिटिस/तेश्रो मुलुक | २,०००.०० | |
| २ | भारतीय | ५००.०० | |
| ३ | नेपाली पेन्सनर | १००.०० | |
| विभिन्न सिफारिस | | | |
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| १ | अविवाहित / विवाहित प्रमाणित | २००.०० | |
| २ | आदीवासी जनजाती लोपोन्मुख दलित | २००.०० | |
| ३ | चालचलन प्रमाणित | २००.०० | |
| ४ | जन्म प्रमाणित/जन्म मिति प्रमाणित | १५०.०० | |
| ५ | अन्य प्रमाणित | १५०.०० | |
| ६ | नाता कायम /नाता प्रमाणित | १५०.०० | |
| ७ | संरक्षक प्रमाणित | २००.०० | |
| ८ | नाता कायम /नाता प्रमाणित अंग्रेजी | ३००.०० | |
| ९ | बसोबास प्रमाणित | २००.०० | |
| १० | आयश्रोत प्रमाणित | प्रति लाखको रु २०० | |
| ११ | अचल सम्पत्ति मुल्याङ्कन दस्तुर | प्रति लाखको रु २०० | |
| १२ | अंग्रेजीमा गरीने सिफारीसको सेवा शुल्क | नेपालीमा गरिने सिफारिसको देब्बर | |

| | | | |
|---|---|---|---|
| १३ | ना.प्र. सर्जमिन | २००.०० | |
| १४ | अवादी जग्गाको रुख कटान घरेलु सर्जमिन प्रति रुख | २०.०० | |
| १५ | घट्ना दर्ता संसोधन सर्जमिन | १५० | |
| १६ | नाम थर जन्म मिति प्रमाणित | २०० | |
| १७ | घरसारको सिफारीस गाउँपालिका भित्र | २०० | |
| १८ | घरसारको सिफारीस गाउँपालिका बाहिर | ५००.०० | |
| १९ | सुकम्वासी आयोगले निर्णय गरि जग्गा दर्ता सिफारीस गर्नुपर्ने अवस्थामा | अवल रु ४०० दोयम रु ३०० सीम रु २०० चाहार रु १०० | |
| २० | जग्गा नामसारी सिफारीस | १५छ रोपनी सम्म रु ५००, सो भन्दा बढी रोपनिको रु १००० | |
| २१ | एकीकृत सम्पत्ति कर | नियमानुसार | |
| २२ | सिफारीस प्रतिलिपी दस्तुर | ११०.०० | |
| २३ | खा.पा. धारा जडान सिफारीस | २००.०० | |
| २४ | मुहान दर्ता सिफारिस शुल्क | ५०० | |
| २५ | अस्थायी /स्थायी बसोवास ठेगाना प्रमाणित दस्तुर | २०० | |
| २६ | नेपाली नागरिकता सर्जमिन दस्तुर | २०० | |

घट्ना दर्ता विलम्ब शुल्क

| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता | २०० | |





| | | | |
|---|---|---|---|
| २ | विवाह दर्ता | २०० | |
| ३ | मृत्यु दर्ता | २०० | |
| ४ | बसाईसराइ | २०० | |
| ५ | सम्वन्ध विच्छेद | २०० | |
| ६ | व्यक्तिगत घटना दर्ताको नक्कल दस्तुर | ५०० | |
| ७ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २०० | |
| ८ | परिचयपत्र प्रतिलिपी दस्तुर | ५०० | |
| ९ | नाता प्रमाणित | २०० | |
| १० | घटना दर्ता प्रमाणित | २०० | |
| ११ | परिचयपत्र तथा वैयक्तिक विवरणको प्रमाणिकरणको सेवा वापत प्रति व्यक्ति | रु ५ | |

| क्र.सं. | अन्य सिफारीस दस्तुर | २००.०० | सिफारिसको प्रकृति हेरी नियमानुसार |
|---|---|---|---|
| १ | हल भाडा ठुलो र सानो | १०००/५०० | प्रतिदिन |
| २ | प्रोजेक्टर मेशिन भाडा | ५०० | प्रतिदिन |

नक्शा पास दस्तुर

| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन | रु १०.०० | |
| २ | सर्जमिन दस्तर | रु २००.०० | |
| ३ | नक्शापास फारम बिक्री | रु ५००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | घर नक्शा नामसारी दस्तुर | रु १,०००.०० | |
| ५ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट ग्रामिण | रु १ | |
| ६ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट सडकले छोएको | रु २ | |
| ७ | ५०० वर्ग फिट भन्दा कम क्षेत्रफल भएका घरको हकमा न्युनतम | रु ५१०.०० | |
| ८ | नक्सा प्रमाणित दस्तुर | रु ५१०.०० | |
| ९ | घर अभिलेखिकरण | रु ५ प्रति वर्गफिट | |

| स्वास्थ्य सेवातर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | शुल्क दर | कैफियत |
| | ओपिडी टिकट | १० | |
| | Pregency Test | ७५ | |
| | Sugar Digital | ३० | |
| | Sugar F/R/PP | ३० | |
| | USG | ५०० | |
| | ECG | १५० | |
| | CBC | १५० | |
| | HB | ४० | |
| | Urine R/E | ५० | |
| | Stool R/E | ५० | |
| | Sodium | १०० | |
| | Potassium | १०० | |
| | Uria | १०० | |
| | Cretinine | १०० | |
| | X-Ray | ३०० | |
| | Nebulizer | २० | |
| | Emergency Ticket | ५० | |
| | Blood Grouping | ५० | |





माथी उल्लेखित बिषय भन्दा बाहेकको अन्यको हकमा स्वास्थ्य संस्थाबाट निशुल्क प्रदान गरिनेछ

| पटके सवारी साधन एवं पर्यावरण तथा सडक मर्मत सम्भार शुल्क | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | पटके सवारी साधन कर | कैफियत |
| १ | ट्रेक्टर हाइड्रोलिक नभएको | १५.०० | १५.०० |
| २ | ट्रेक्टर हाइड्रोलिक | १५.०० | १५.०० |
| ३ | ट्रक र टिप्पर नेपाली नम्बर प्लेट | २०.०० | २०.०० |
| ४ | ट्रक र टिप्पर भारतीय नम्बर प्लेट | ३०.०० | २०.०० |
| ५ | जीप/कार | १०.०० | १०.०० |
| ६ | बस | २०.०० | २०.०० |

## अनुसुचि १३

पर्यटन शुल्क

गाउँ कार्यपालिकाले कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।



CS CamScanner

## अनुसुचि १४

पर्यटन शुल्क

गाउँ कार्यपालिकाले कार्यपालिकाको वैठकले निर्धारण गरे वमोजिम हुनेछ ।

| प्राकृतिक श्रोत उपयोग शुल्क | | |
|---|---|---|
| १ | नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ | प्रति टिप फोर ह्विल ५००, महेन्द्र निशान ५००, ट्रयाक्टर ३००, सानो टिफर १००० ठूलो टिफर १५०० |
| २ | सार्वजनिक जग्गाको माटो, ढुंगा विक्री मुल्य सिफारिस समेत | प्रति टिप ठुलो रु २००० सानो रु १००० |
| ३ | निजी जग्गावाट उत्पादन भइ सार्वजनिक क्षेत्र वाट निकासी हुने खानीजन्य पदार्थ | प्रति टिप ५०० |
| ४ | पशु पन्छिजन्य निकाशी गाउँपालिकाबाट अन्यत्र क्षेत्रमा विक्री तथा व्यापारको लागि निकासी दस्तुर | खसी, बोका, बाखा प्रति गोटा रु ५०, कुखुरा प्रति गोटा रु ५, सुगुर/बुगुर प्रति गोटा रु १००, भैसी, राँगा/पाडा पाडी रु ५०० गाईगोरु रु २५० |
| ५ | तरकारी, फलफुल, निगालो वाँस निकासी शुल्क | प्रति टिप ठूलो गाडी रु. १००० सानो गाडी रु ५०० |

## अन्य विषेश व्यवस्था

| विषेश सहुलियत प्राप्त गर्ने वर्ग | | |
|---|---|---|
| महिला सँग सम्वन्धित सिफारिसमा | २५ प्रतिशत छुट | |
| अनाथ, अपाङ्ग, जेष्ठ नागरिकको हकमा कुनै पनि शुल्क लाग्ने छैन . | | |
| कृषि उत्पादन वढाउने उद्देश्यले महिला, आदिवासी जनजाति दलितको नाममा फर्म दर्ता सिफारिसमा | २५ प्रतिशत छुट | |
| माथि उल्लेखित विषय भन्दा वाहेक अन्यको हकमा साविक गाउपालिका र गाविस को निर्णायानुसार र सो नभएमा नेपाल सरकार को नियमानुसार हुनेछ . | | |

गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कुनै पनि कर, शुल्क भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुझाएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र तेस्रोबाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिनेछ ।



# दोरम्बा शैलुङ गाउपालिकाको विनियोजन ऐन, २०७९

दोरम्बा शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७९/०३/१०

**प्रस्तावनाः** दोरम्बा शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) वमोजिम दोरम्बा शैलुङ गाउँसभाले यो ऐन बनाएको छ ।

### १.संक्षिप्त नाम र प्रारम्भः

(१)यस ऐनको नामः "दोरम्बा शैलुङ गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २.आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५७,१८,३५,००० (अक्षरुपी रु. सन्ताउन्न करोड अट्ठार लाख पैतिस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

### ३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त दोरम्बा शैलुङ गाउँपालिकाको गाउं कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।



CamScanner